# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०५।०८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सामाजिक विकास मन्त्रालय वाग्मती, प्रदेश अन्तर्गतको सार्वजनिक निर्माण कार्यान्वयन इकाई, गजुरी, धादिङमा कार्यरत सव-इजिनियर बिनोद सापकोटाले खेलकुद मैदान निर्माण सम्पन्न गरी सो कार्यको लागि धरौटी राखेको रकम फिर्ता लिन जाँदा सेवाग्राहीसँग निर्माण सम्पन्न गरिदिए वापत रु. २०,०००।- दिनुपर्छ भनी घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटि गएको टोलीले निज बिनोद सापकोटालाई सेवाग्राहीबाट रु. २०,०००।- (वीस हजार रुपैयाँ) घुस/रिसवत लिएको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा सामाजिक निर्माण कार्यन्वयन इकाई, बाग्मती प्रदेश, गजुरी, धादिङ्गमा कार्यरत सव-इन्जिनियर बिनोद सापकोटाले खेल मैदान निर्माण आयोजनाको धरौटी राखेको रकम फिर्ता दिनको लागि सेवाग्राहीसँग रु.२०,०००।- घुस/रिसवत माग गरी लिएको स-प्रमाण पुष्टि हुन आएकोले निज सव-इन्जिनियर बिनोद सपकोटाले गरेको उक्त कार्य भष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निजलाई बिगो रु.२०,०००।- (बीस हजार रुपैयाँ) कायम गरी भष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल